नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग**
मीनभवन, काठमाण्डौ

फोन नं. ०१-४१०७११७, ०१-४१०७१९४, ०१-४१०७२०६, ०१-४१०७१२०

प. सं. ०७८।७९
च.नं २४२६

मिति: २०७९/०१/२७

नेउवामहासंघ
दर्ता नं. १८३६
मिति : २०७९।१।२०

श्री उद्योग वाणिज्य महासंघ,
M8V4+MG4, Sahid Shukra Marg, काठमाडौं 44600 ।

विषयः न्युनतम पारिश्रमिक सेवा तथा सुविधाको दररेटको विवरण सम्बन्धमा ।

नेपाल सरकारद्वारा मिति २०७८ वैशाख २० गते प्रकाशित राजपत्रमा २०७८ श्रवण १ गते देखी लागू हुनेगरी श्रम ऐन,२०७४ को दफा १०६ को उपदफा (३) बमोजिम "प्रति व्यक्ति आधारभुत पारिश्रमिक ९३८५।- महंगी भत्ता रु ५६१५।- तथा संचयकोष, उपदान र सामाजिक सुरक्षाकोषमा योगदान रकम आधारभुत पारिश्रमिकको क्रमशः १०%, ८.३३% र १.६७% भन्दा कम पारिश्रमिक लिनेदिने गरी कुनै रोजगार सम्झौता गर्न पाइने छैन" भन्ने व्यवस्था रहेको,साथै श्रम ऐन,२०७४ को दफा ५८ को उपदफा (३) मा "आपुर्ति गरिने श्रमिकको पारिश्रमिक र अन्य सेवा सुविधा ऐनमा तोकिए भन्दा कम नहुने गरी गर्नुपर्नेछ" र सोही दफाको उपदफा (४) मा "सो विपरित हुने गरी आवहान वा पेश भएको प्रस्ताव वा बोलपत्र वा भएको सम्झौता स्वतःरद्ध हुनेछ भनी उल्लेख भएको हुँदा न्यूनतम पारिश्रमिक र कानुनमा तोकिएको भन्दा कम हुने गरी अन्य सेवा सुविधा नदिई सम्झौता नगर्नुहुन र गरेको भए रद्ध गर्नहुन" सम्मानित सर्वोच्च अदालतको मिति २०७७ पौष २२ गते विपक्षी श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,सिंहदरवार काठमाण्डौ समेतको नाममा जारी उत्प्रेषण आदेशमा समेत "श्रमिक आपुर्तिकर्ता मार्फत वोलपत्रवाट श्रमिक आपुर्ति सम्वन्धमा श्रम ऐन,२०७४ को दफा ५८(३) को प्रवधान विपरीत हुने गरी कुनै सम्झौता नगर्नु नगराउनु"भनी अन्तरिम आदेश समेत जारी भएको सन्दर्भमा समेत कतिपय श्रमिक आपूर्तिकर्ता कम्पनीहरुले माथि उल्लेखित व्यवस्था अनुसार श्रमिकलाइ दिनुपर्ने पारिश्रमिक र सेवा सुविधा दिन नपर्ने गरी बोलपत्र पेश गर्ने गरेको देखिएको साथै मुख्य रोजगारदाताहरुले समेत श्रम ऐन, २०७४ को दफा ६४ को उपदफा (२) अनुसार त्यस्ता श्रमिक आपूर्तिकर्ता कम्पनीहरु संग सम्झौता गर्नु अगावै श्रमिकलाई यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएभन्दा कम नहुने गरी पारिश्रमिक र सुविधा प्रदान गर्ने व्यवस्था मिलाई सम्झौता गर्नु पर्नेछ भन्ने व्यवस्था हुदाँ हुदै पनि श्रम ऐन तथा नियमावली बिपरित रित नपुर्याई पेश भएका बोलपत्र समेत स्वीकृत गर्ने गरेको देखिएको हुँदा श्रमिक आपुर्तिकर्ता कम्पनीहरुले तपशिलमा उल्लेखित Break down अनुरुप मात्र बोलपत्र पेश गर्नुहुन साथै मुख्य रोजगारदाता हरुले समेत उल्लेखित ब्रेकडाउन अनुरुप पेश भएका बोलपत्र मध्येवाट बोलपत्र छनौट गर्नको लागि यस विभागको मिति २०७९/०१/१४ को निर्णयानुसार तपशिलमा उल्लेख गरिएको Break down भन्दा कम हुने गरी बोलपत्र पेश गर्ने तथा स्वीकृत गर्ने आपूर्तिकर्ता कम्पनीहरु तथा मुख्य रोजगारदाता कम्पनीहरु लाई श्रम ऐन, तथा नियमावली बमोजिम कारबाही हुने हुँदा सोहि बमोजिम तहाँ महासंघमा आवद्द उद्योग तथा प्रतिष्ठानहरुलाइ उक्त व्यवस्था कार्यान्वयन गर्नका लागि निर्देशन गरि सहयोग गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

<u>तपशिल</u>

१.न्युनतम मासिक पारिश्रमिक सेवा तथा सुविधाको दररेटको विवरण

| सि.नं | श्रम ऐन, २०७४ र श्रम नियमावली, २०७५ | शिर्षक | मासिक रकम रु | दैनिक | कैफियत |
|---|---|---|---|---|---|
| | | क. आधारभुत पारिश्रमिक | | | |
| १. | दफा १०६ | आधारभूत पारिश्रमिक | ९३८५.०० | ३६१ | नेपाल राजपत्रमा मिति २०७८। ०१।२० गते प्रकाशित र २०७८।०४।०१गतेबाट लागु हुने |
| २. | दफा १०६ | महंगी भत्ता | ५६१५.०० | २१६ | |
| | | जम्मा (क) | १५०००।०० | ५७७ | |
| | | ख. सुबिधा | | हिसाब | |
| ३ | दफा ५२ | संचयकोष (आधारभूत पारिश्रमिकको १०% रोजगारदाताले थप गर्नुपर्ने ) | ९३८।५० | ०.१०x९३८५ | |
| ४ | दफा ५३ | उपदान (रोजगारदाताले आधारभुत पारिश्रमिकको ८.३३% थप गर्नुपर्ने) | ७८१।७७ | ०.८३३x९३८५ | |
| ५ | दफा ५४ र दफा ५५ | सामाजिक सुरक्षा कोषमा योगदान (आधारभूत पारिश्रमिकको १.६७% रोजगारदाताले थप गर्नुपर्ने | १५६।७३ | ०.१६७x९३८५ | औषधी उपचार बिमा, दुर्घटना बिमा समेत |

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
मीनभवन, काठमाण्डौ

फोन नं. ०१-४१०७११७, ०१-४१०७९१४, ०१-४१०७२०७, ०१-४१०७१२०

प. सं.०७८।७९
च.न

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | दफा ५२ | संचयकोष (आधारभूत पारिश्रमिकको १०% रोजगारदाताले थप गर्नुपर्ने ) | ९३८।५० | ०.१०×९३८५ | |
| ४ | दफा ५३ | उपदान (रोजगारदाताले आधारभुत पारिश्रमिकको ८.३३% थप गर्नुपर्ने) | ७८१।७७ | ०.८३३×९३८५ | |
| ५ | दफा ५४ र दफा ५५ | सामाजिक सुरक्षा कोषमा योगदान (आधारभूत पारिश्रमिकको १.६७% रोजगारदाताले थप गर्नुपर्ने | १५६।७३ | ०.१६७×९३८५ | औषधी उपचार बिमा, दुर्घटना बिमा समेत समेट्ने |
| ६ | दफा ४३ र दफा ४९(२) | घर बिदा (काम गरेको अवधिको २० दिनको १ दिनका दरले पारिश्रमिक) | ५४१ | ३०/२०×३६१ | सेवामा नरहेमा निजले खाइपाई आएको पछिल्लो आधारभूत पारिश्रमिकको दरले |
| ७ | दफा ४४ | बिरामी बिदा (वार्षिक १२ दिन पारिश्रमिक) | ३६१ | १×३६१ | |
| ८ | दफा ३७ | चाडपर्व खर्च (प्रत्येक वर्ष १ महिनाको आधारभूत पारिश्रमिक बराबर) | ७८२।०८ | ९३८५/१२ | |
| जम्मा (ख) | | | ३५६१।४९ | | |
| सार्वजनिक बिदाको दिन काम गर्न नपर्ने श्रमिकको लागि प्रति श्रमिक कुल जम्मा (क+ ख) | | | १८५६१।४९ | | |
| बिदाको दिन पनि काम गर्नुपर्ने श्रमिकको हकमा | | | | | |
| ९ | दफा ३०, दफा ३१, दफा ४० र नियम २० | ४ ओटा साप्ताहिक बिदाको थप | २१६५।७७ | ४×१.५×३६१ | रोजगारदाताले श्रमिकलाई दफा ३० बमोजिम बढी समय काममा नियमित रुपमा काम गर्दा पाउने आधारभूत पारिश्रमिकको डेढी पारिश्रमिक दिनु पर्नेछ । |
| १० | दफा ३०, दफा ३१ र दफा ४१ | वार्षिक १३ दिन सार्वजनिक बिदा बापत मासिक रु | ५८६।५६ | १३×१.५×३६१/१२ | |
| बिदाको दिनमा समेत काम गर्नुपर्ने श्रमिकको लागि प्रति श्रमिक जम्मा | | | २१३१३।८२ | | |

- यसमा प्रसुती बिदा र किरिया बिदा बापतको श्रमिकले पाउनुपर्ने सुविधा जोडीएको छैन ।
- प्रत्येक हप्ता ६ दिनका दरले अधिकतम २४ दिन मात्र काममा लगाउनुपर्ने छ र प्रत्येक दिन ८ घण्टाभन्दा बढी काममा लगाउन पाइने छैन । र लगाएमा नियमानुसार अतिरिक्त समयको लागि तोकिएबमोजिम अतिरिक्त पारिश्रमिक प्रदान गर्नुपर्नेछ ।
- पारिश्रमिक भुक्तानी गर्दा श्रमिकको बैंक खातामा बैंकिङ्ग प्रणाली मार्फत गर्नुपर्नेछ ।
- पुनश्च उल्लेखित विवरणमा केहि छुट भएको देखिएमा पुनरावलोकन हुने गरी हाललाइ यसै बमोजिमको न्युनतम पारिश्रमिक सेवा तथा सुविधाको बारेट कार्यन्वयन गर्नु गराउनुहुन यो परिपत्र गरिएको छ ।

२०७८।०९।२६

शाखा अधिकृत
नबिन पोखरेल

बोधार्थ
श्री श्रम तथा रोजगार मन्त्रालय, सिंहदरबार, काठमाडौं ।